१२६३-८१५

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ४८५/२०७२/०७३

निर्णय नं. ८१५

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..................................२ पुनरावेदक

**विरूद्ध**

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), मलंगवा नगरपालिका कार्यालय, सर्लाही ................१ विपक्षी

सूचना अधिकारी, मलंगवा नगरपालिका कार्यालय, सर्लाही .........................................१

विषय :- सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्ने ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले मलंगवा नगरपालिका कार्यालय, सर्लाही समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम मलंगवा नगरपालिका कार्यालय, सर्लाहीलाई मिति २०७२।०७।२९ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त मलंगवा नगरपालिका कार्यालय, सर्लाहीको मिति २०७२।११।१०, च.नं.८०६ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना प्रेषित गरी यस आयोगलाई जानकारी गराइएकोले यस्को प्रतिलिपि पुनरावेदनकलाई उपलब्ध गराउनु र प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल वैशाख ३२ गते रोज ४ शुभम् ।